२००६

# नेपाली

[ Old Syllabus - IX/XIII &
New Syllabus - X/XI ]

Second Half

## विशेष अध्ययन पत्र

[ यस पत्रमा विशेष अध्ययनका रूपमा निर्धारित **महाकवि देवकोटा** र **नेपाली लोक-साहित्य** गरी दुईवटा वैकल्पिक विषयबारे प्रश्नहरू दिइएका छन्। नवौं/दसौं पत्र अन्तर्गत **महाकवि लक्ष्मीप्रसाद देवकोटा** बारे अनि एघारौं/तेह्रौं पत्र अन्तर्गत **नेपाली लोकसाहित्य** बारे प्रश्न दिइएका छन्। यसैपालि परीक्षा दिनेहरूले दसौं/एघारौं पत्रका अनि पुनः परीक्षा दिनेहरूले नवौं/तेह्रौं पत्रका प्रश्नको उत्तर लेख्नुपर्नेछ। ]

समय : दुई घण्टा पूर्णाङ्क : ४२

## नवौं / दसौं पत्र

## [ महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरू ]

## द्वितीयार्द्ध

### (महाकवि देवकोटाका खण्डकाव्य र फुटकर कविताहरू)

१। भाव वा विषयवस्तु, छन्द-लयविधान एवम् काव्य-सौन्दर्यका दृष्टिले "सन्ध्या" र "यात्री" कविताको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस्। १६

P.T.O.

**अथवा**

''हूरीको गीत'' र ''झञ्झाप्रति'' कवितामा अभिव्यक्त क्रान्तिकारी एवम् विद्रोहीस्वरको विवेचना गर्नुहोस्।

२। नेपाली खण्डकाव्य-परम्पराको उल्लेख गर्दै महाकवि लक्ष्मीप्रसाद देवकोटाको ''मायाविनी सर्सी'' खण्डकाव्यको समीक्षात्मक मूल्याङ्कन गर्नुहोस्। १६

**अथवा**

''कुञ्जिनी'' खण्डकाव्यका सबल र दुर्बल पक्षहरूको सोदाहरण विवेचना गर्नुहोस्।

३। कुनै **दुई** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :

२×५=१०

(क) ''सृजामाता'' खण्डकाव्य।

(ख) ''म्हेन्दु''-मा प्रदर्शित प्रेमको स्वरूप।

(ग) ''ज्वरशमना प्रकृति''-मा महाकवि देवकोटाको दृष्टिकोण।

(घ) ''मुनामदन'' खण्डकाव्यको लोकप्रियताका कारणहरू।

---

# एघारौं / तेह्रौं पत्र

## [ लोक साहित्य-शास्त्र र नेपाली लोक-साहित्य एवं लोक-संस्कृति ]

## द्वितीयार्द्ध

### (नेपाली लोक-साहित्य र लोक-संस्कृति)

१। ''द्रव्य शाह (सन् १५५९) देखि पृथ्वी नारायण शाह (सन् १७७५) सम्मका 'गोर्खा दरवार'-ले हाम्रा लोक-गाथाहरूमा वीरताको रङ्ग भरिदिएको छ।'' – यस भनाइकी व्याख्या ऐतिहासिक आधारहरूमा गर्नुहोस्। १६

**अथवा**

कवित्त, खाँडो, कर्खा र वीरता सम्बन्धी लोक गाथाका विकासमा पुरानो (ई° १५५९-१७७५) गोर्खा दरवारको भूमिकाबारे विशद् चर्चा गर्नुहोस्।

२। नेपाली लोक कथाको वर्गीकरणका आधार खुट्याएंर कुनै एउटा आधारको सविस्तार चर्चा गर्नुहोस्। १६

**अथवा**

नेपाली लोक साहित्यका पद्य-विधाको फाँटवारी लगाउनुहोस् र त्यहाँ देखा परेका काव्यिक विशेषताहरूको निरूपण गर्नुहोस्।

P.T.O.

३। कुनै **दुई** विषय लिई टिप्पणी लेख्नुहोस् : ५+५=१०

(क) गुरू गोरखनाथ।

(ख) गाउँखाने कथा।

(ग) नेपाली लोकनाट्य।

(घ) मालसिरी भजन।

PG - II (DE) Ann.Exam./2006

२००६

# नेपाली

( Old Syllabus - IX/XIII &
New Syllabus - X/XI )

First Half

## विशेष अध्ययन पत्र

[ यस पत्रमा विशेष अध्ययनका रूपमा निर्धारित **महाकवि देवकोटा** र **नेपाली लोक-साहित्य** गरी दुईवटा वैकल्पिक विषयबारे प्रश्नहरू दिइएका छन्। नवौं/दसौं पत्र अन्तर्गत **महाकवि देवकोटा** बारे अनि एघारौं/तेह्रौं पत्र अन्तर्गत **नेपाली लोकसाहित्य** बारे प्रश्न दिइएका छन्। यसैपालि परीक्षा दिनेहरूले दसौं/एघारौं पत्रका अनि पुनः परीक्षा दिनेहरूले नवौं/तेह्रौं पत्रका प्रश्नको उत्तर लेख्नुपर्नेछ। ]

समय : दुई घण्टा | पूर्णाङ्क : ४२

## नवौं / दसौं पत्र

### [ महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरू ]

### प्रथमार्द्ध

### (महाकवि देवकोटाका महाकाव्य)

१। 'सुलोचना' महाकाव्यमा पाइने सामाजिक सन्दर्भहरूको सोदाहरण विवेचना गर्दै यस महाकाव्यलाई समस्यामूलक महाकाव्य भन्न सकिने कारणहरू दर्शाउनुहोस्। १६

P.T.O.

**अथवा**

'महाराणा प्रताप' महाकाव्यमा अभिव्यक्त महाकवि देवकोटाका वीरस्तवन, देशभक्ति, स्वतन्त्रताको महिमागान र आर्यसंस्कृति प्रतिका प्रेमभावको विवेचनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२। नेपाली महाकाव्य परम्परामा ''प्रमिथस'' महाकाव्यको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस्। १६

**अथवा**

नेपाली महाकाव्य परम्पराको सम्यग् परिचय दिँदै नेपाली महाकाव्यको विकासमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेका योगदानको विवेचना गर्नुहोस्।

३। कुनै **दुई** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : २×५=१०

(क) ''वनकुसुम'' महाकाव्यकी नायिका।

(ख) महाकवि देवकोटाका काव्ययात्राको तेस्तोचरण (वि. से. २००४-२००८; सन् १९४७-१९५१)-का उपलब्धिहरू।

(ग) ''पृथ्वीराज चौहान'' महाकाव्य।

(घ) ''शाकुन्तल'' महाकाव्यको कवित्व।

---

# एघारौं / तेह्रौं पत्र

## [ लोक साहित्य-शास्त्र र नेपाली लोक-साहित्य एवं लोक-संस्कृति ]

## प्रथमार्द्ध

### (लोक साहित्य-शास्त्र)

१। लोक-साहित्यको अवधारणामा 'लोक परम्परा' को पृथक स्वरूप ठम्याउने उपाय बताउनुहोस्। 'लोक परम्परा' र 'आभिजात्य परम्परा' का मूल-भूत पृथकता के हुन् ? १६

**अथवा**

"लोक साहित्य भन्नुपनि लोक संस्कृतिले सुरक्षित पारेर ल्याएको भाषिक परम्परा नै हो।" – यस मन्तव्यका पक्ष र विपक्षमा आफ्ना मत प्रस्तुत गर्नुहोस्।

२। लोक-साहित्य अध्ययन गर्ने मूल पद्धतिहरू चिनाउँदै यस क्षेत्रमा संरचनावादी पद्धति कत्तिसम्म सक्षम छ, स्पष्ट्याउनुहोस्। १६

**अथवा**

लोक-कथाहरूलाई कति प्रकारमा बाँड्न सकिन्छ ? छुट्याएर बताउनुहोस्।

P.T.O.

३। तलका कुनै **दुई** विषय लिई टिप्पणी लेख्नुहोस्।

५+५=१०

(अ) कथानक रूढि।

(आ) लोकसाहित्यको समाजशास्त्रीय अध्ययन।

(इ) भ्लादिमिर प्रप।

(ई) लोक-वार्त्ता।

---

PG - II (DE) Ann.Exam./2006

२००६

# नेपाली

## आठौं पत्र

## (तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण)

## प्रथमार्द्ध

## [ तुलनात्मक भारतीय साहित्य ]

समय : दुई घण्टा पूर्णाङ्क : ४२

१। 'तुलनात्मक साहित्य'को अवधारणा प्रस्ट पार्दै भारतीय साहित्यका सन्दर्भमा यसको प्रयोजन र महत्त्वमाथि प्रकाश पार्नुहोस्। १६

**अथवा**

तुलनात्मक साहित्यका अध्ययन-विधिहरूको उल्लेख गर्दै तिनका सबल र दुर्बल पक्षहरू केलाएर देखाउनुहोस्।

२। नेपाली हिन्दी साहित्यको विकासक्रममा देखा परेका प्रवृत्तिहरूको तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। १६

**अथवा**

P.T.O.

भारतीय साहित्यका रूपमा नेपाली साहित्यको स्थिति प्रस्ट पार्दै समकालीन नेपाली साहित्यको तुलनात्मक अवस्था दर्शाउनुहोस्।

३। कुनै **दुईवटा** विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) बङ्गला र नेपाली साहित्यमा रामकाव्य।

(ख) तुलनात्मक साहित्यमा अनुवादको भूमिका।

(ग) रामकृष्ण शर्माका समालोचनामा तुलनात्मक दृष्टिको प्रयोग।

(घ) भारतीय साहित्यको अवधारणा।

---

२००६

# नेपाली

## आठौं पत्र

## (तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण)

## द्वितीयार्द्ध

## [ विश्वसाहित्यको सर्वेक्षण ]

समय : दुई घण्टा　　　　पूर्णाङ्क : ४२

१। संस्कृत साहित्यमा भास र अश्वघोषले गरेका योगदानको उल्लेख गर्दै दुवैका नाटकमा पाइने विशेषताहरू दर्शाउनुहोस्। १६

**अथवा**

पाश्चात्य नाट्य-साहित्यमा सेक्सपियर र बर्नार्ड साका नाट्योपलब्धिको सविस्तार चर्चा गर्नुहोस्।

२। बङ्गला साहित्यमा रवीन्द्रनाथ र शरतचन्द्रका औपन्यासिक योगदानको समीक्षा गर्नुहोस्। १६

**अथवा**

भारतीय साहित्यका निर्माताका रूपमा कवि सुब्रह्मण्य भारतीका योगदानको चर्चा गर्नुहोस्।

P.T.O.

३। कुनै **दुईवटा** विषयमा टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) 'पञ्चतन्त्र'।

(ख) प्रेमचन्दका कथागत विशेषता।

(ग) उमर खैय्यामको कवित्व।

(घ) लुसूनको साहित्यिक प्रसिद्धि।

PG - II (DE) Ann.Exam./2006

२००६

# नेपाली

## सातौं पत्र

## (नेपाली गद्य साहित्य)

### प्रथमार्द्ध

### [ नेपाली निबन्ध ]

समय : दुई घण्टा पूर्णाङ्क : ४२

१। निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारिताबारे परिचयात्मक टिप्पणी गर्दै उनको दाडिमको रूखनेर' शीर्षक निवन्धमा अभिव्यञ्जित भाव-सौन्दर्यको विवेचना गर्नुहोस्। १६

**अथवा**

निबन्धकार चक्रपाणि चालिसे र उनको निबन्ध 'बुढयाइँ'-को विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२। नेपाली निबन्धको उद्भवबारे चर्चा गर्दै यसको विकासका विभिन्न मोड-उपमोडहरूको समीक्षात्मक विवेचना प्रस्तुत गर्नुहोस्। १६

**अथवा**

हृदयचन्द्रसिंह प्रधानले नेपाली निबन्धको विकासमा गरेका योगदानको समीक्षा गर्दै उनको 'तसवीर' निबन्धका विशेषताहरू केलाएर देखाउनुहोस्।

३। टिप्पणी लेख्नुहोस् (कुनै **दुईको**) : ५×२=१०

(क) 'दिव्योपदेश'।

(ख) निबन्धकार तारानाथ शर्मा।

(ग) 'फर्सीको झोल'।

(घ) 'तगारो'-को तात्पर्य।

२००६

# नेपाली

## सातौं पत्र

## (नेपाली गद्य-साहित्य)

## द्वितीयार्द्ध

## [ नेपाली समालोचना ]

समय : दुई घण्टा पूर्णाङ्क : ४२

१। नेपाली साहित्यालोचनाको विकासमा इन्द्रबहादुर राईको योगदानमाथि प्रकाश पार्दै उनको 'टिपेका टिप्पणीहरू'को समीक्षात्मक मूल्याङ्कन प्रस्तुत गर्नुहोस्। १६

**अथवा**

पूर्वीय समालोचना सिद्धान्तका आलोकमा राममणि आ. दी.को समालोचकीय दृष्टि प्रस्ट पार्नुहोस्।

२। समालोचक कृष्णचन्द्रसिंह प्रधानको संक्षिप्त परिचय दिंदै उनको 'एक सन्दर्भ : एक दृष्टि'मा नेपाली समालोचनाबारे व्यक्त विचारहरूको समीक्षा गर्नुहोस्। १६

**अथवा**

P.T.O.

समालोचक गुमानसिंह चामलिङ्ले ''कवि भानुभक्त आचार्यको उपाधि र 'आदिकवित्व'-को प्रश्न''-मा उठाएका प्रश्नहरूको विवेचना गर्दै आफ्नो मत पनि प्रकट गर्नुहोस्।

३। टिप्पणी लेख्नुहोस् (कुनै **दुईको**) : ५×२=१०

(क) नेपाली समालोचनाको काल-विभाजन।

(ख) मार्क्सवादी नेपाली समालोचना।

(ग) समालोचकका रूपमा ईश्वर बराल।

(घ) 'अङ्ग्रेजी साहित्यको प्रभाव'।

———————